पर्सा गाउँपालिकाको ११ औं गाउँसभामा २०७९ साल आषाढ ९  गते विहिवार
गाउँपालिकाका अध्यक्ष श्री धिरेन्द्र राय यादव ज्यूले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/८० को
# नीति तथा कार्यक्रम

पर्सा गाउँपालिका
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७९

गाउँसभाका उपाध्यक्ष ज्यू

गाउँसभाका सचिव ज्यू

विभिन्न विषयगत समितिका संयोजक ज्यूहरु

गाउँसभाका सदस्य ज्यूहरु

राष्ट्रसेवक कर्मचारी मित्रहरु

सुरक्षाकर्मि मित्रहरु

सञ्चारकर्मी महानुभावहरु

उपस्थित अन्य सम्पुर्ण महानुभावहरु,

१) नेपालको संविधान कार्यान्वयनमा आए सँगै तीन तहका सरकारको गठन भई स्थापना भएको यस गाउँपालिकाको विकासका गतिविधिहरु दुर्त गतिमा अगाडी बढिरहेको समयमा COVID–19 को महामारीले सिर्जना गरेको चुनौतीपूर्ण र असहज परिस्थिती बीच स्थानीय तह सदस्य निर्वाचन २०७९ को मत परिणाम बमोजिम गाउँपालिकाको अध्यक्षको पदिय मर्यादाले पर्सा गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२) नेपाली जनताको पटक पटकको त्याग र वलिदानीपूर्ण संघर्ष तथा विभिन्न आन्दोलनको माध्यबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य अवगतै छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएको ऐतिहासिक जन आन्दोलन तथा सशस्त्र संघर्षका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

३) आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तहरुका आधारमा समतामुलक समाज निर्माणको संकल्प गरेको संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनबाट बनेको सरकारहरुको माध्यमबाट अहिले नेपाली जनताले संघिय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्दैछन् । स्थानीय सरकार संविधानको भावना अनुरुप सञ्चालन गर्नका लागि कतिपय ऐन, कानूनहरु निर्माणका क्रममा रहेको हुँदा जनताले अपेक्षा गरेको सिंहदरवार अद्यापि स्थानीय सरकारका वडा स्तरमा आउन नसकिरहेको अवस्थालाई पनि हामिले स्वीकार्नुपर्ने अवस्था छ तर यस खालको अवस्था सधै नरहने तर्फ पनि यस गरिमामय सभा मार्फत पुन आस्वस्त गराउन चाहन्छु ।

४) जनताका आवश्यकता, माग र अपेक्षाहरु स्वभावैले असिमित छन तर हामीसँग स्रोत र साधन सीमित छ । सीमित साधन स्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पूँजी निर्माण गर्नुपरेको छ । स्थानीय स्रोत साधन माछा पोखरी भाडामा लगाउने लगाएत हामीसँग केही अवश्य छन । कानून बमोजिम तिनीहरुको

परिचालन र अधिकतम सदुपयोग गरेर अघि बढ्ने प्रयत्न हामीले गर्नु पर्नेछ । पर्सा गाउँपालिकाको समग्र र समानुपातिक विकास कसरी गर्ने यस बारेमा सबैको चिन्तन, मनन र सबैको लगानी र सहयोगको अपेक्षा गर्दछु ।

५) स्थानीय तह सदस्य निर्वाचन २०७९ का सन्दर्भमा हामीले सार्वभौम गाउँवासी समक्ष गरेका प्रतिवद्धताहरु केवल निर्वाचनमा विजय हाँसिल गर्ने खेल मात्र नभएर, हाम्रा आवश्यकतामा आधारित योजनाहरु थिए त्यसैले हामी अहिले निर्वाचनमा गरेका प्रतिवद्धताहरुलाई पूरा गर्ने संकल्प गरिरहेका छौं र तीनै प्रतिवद्धताहरुबाट निर्देशित छौं भन्ने कुरालाई पुन स्मरण गराउन चाहन्छु ।

६) मुलुकमा तीनै तहको निर्वाचनबाट राजनीतिक स्थायित्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको अवस्थामा यस अवसरको सदुपयोग गर्दै हाम्रा गाउँपालिकामा रहेका कृषि, बन, धार्मिक तथा पर्यटकिय सम्भावना, प्राकृतिक स्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापनबाट गाउँ समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु । हाम्रो पर्सा राम्रो पर्सा बनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग, समन्वय र सहकार्यका साथ स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, संचारकर्मी, पर्यटनकर्मी, समाजसेवी लगायत समग्र पर्सा बासीको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु ।

७) चालु आर्थिक बर्ष २०७८/७९ का लागि नवौं गाउँसभाबाट स्वीकृत नीति, योजना तथा बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । पहिलो पटक निर्वाचित जनप्रतिनिधिको रुपमा पदमा वहाल भई सकेपछि प्रत्येक वर्ष पेश गरेका नीति, योजना र बजेट कार्यान्वयनको हालसम्मको अवस्थाको मूल्याङ्कन र समीक्षा गर्दा पूर्वाधार तथा अन्य योजना कार्यक्रमहरुको उपलब्धीहरु अपेक्षित रुपमा सन्तोषजनक भएको देखिएता पनि गाउँपालिका बासीले सोचे अनुरुपको विकास हुन् सकेन । विगत बर्षहरुका नीति, योजना, र बजेट कार्यान्वयनको अनुभव र सिकाइ तथा नयाँ जनप्रतिनिधिको नयाँ सोच र धारणाबाट गाउँपालिकाको दिगो र सन्तुलित विकासका लागि योजनाबद्ध रुपमा अगाडी बढ्नुपर्ने पृष्ठपोषण र प्रेरणा मिलेको अनुभुति नीति तथा कार्यक्रम र बजेट तयार गर्दा महसुश गरेको छु ।

८) आर्थिक बर्ष २०७९/८० का लागि गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग, नीति, मार्गदर्शन, योजना तथा कार्यक्रम, संविधानको अनुसूची-८(स्थानीय तहको अधिकारको सूची), अनुसूची-९, (संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका गाउँपालिकाको अधिकारक्षेत्र र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ । यसैगरी नेपालले अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो

विकासको लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य र अन्तराष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिवद्धता बमोजिम नतिजा प्राप्तीमा सहयोग पुर्याउने गरी कार्यगर्न गाउँपालिका प्रतिबद्ध रहने छ ।

९) आ.व. ०७८/०७९ को निति कार्यक्रम प्रस्तुत हुदाँ गाउँपालिका र यस गाउँपालिकाका भद्रभलादमी, बुद्धिजिवी, समाजसेवी लगायत सम्पुर्ण गाउँपालिका बासीहरुको सहयोग, सदभाव र तत्परतामा गाउँपालिका बासीको जीवन रक्षा गाउँपालिकाको आर्थिक र समाजिक जीवनका सुरक्षा हुने कुराको प्रत्याभुति दिलाउन चाहन्छु ।

१०) विगतमा यस गाउँपालिकाले अपनाएको राम्रा नितिहरुलाई आउने आ.व.०७९/८० मा समेत निरन्तता दिइनेछ । यो वजेट, नीति कार्यकम तयारी तथा कार्यान्वयनमा शुन्य विभेदको नीतिलाई अवलम्वन गरीएको छ । यस गाउँपालिकाका पक्की सकड नपुगेका सबै गाउँ टोल क्षेत्रमा विशेष गरी सडक पुर्वाधारका कामहरुलाई अघि बढाइने खानेपानीका आपुर्ति व्यवस्थालाई सुदृढ बनाउने आर्थिक विकासका क्रियाकलापहरुलाई संचालन गरी जनताको सुख सुविधालाई ध्यान राख्दै पछाडी परेका वर्ग र क्षेत्रलाई समेटने गरी यस गाउँपालिकाले प्राथमिकताको साथ विकास कार्यक्रमहरु अगाढी बढाईनेछ । कृषि तथा कृषकहरुलाई अगाडी वढाउने कार्यकमलाई निरन्तरता दिई नगदे वालीमा अत्मनिर्भर वनाई आर्थिक संवृद्धि गरीनेछ । नेपालको संविधान को धारा ५१ (ङ) वमोजिम भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका‌लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र वजारमा पहुचको व्यवस्था गर्ने । कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि योग्य भुमीमा कृषि विधुतिकरणका योजनाहरु संचालनमा प्रथमिकता दिईनेछ । संघिय गणतन्त्रात्मक शासन व्यवस्थाको माध्मद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानलाई आत्मसाथ गर्दै अगाडी वढने प्रतिवद्धता गरेको छु । कृषकलाई कृषिकै माध्यमबाट प्रोत्साहान गरी उनीहरुको जीवनस्तर उकासी धनी र गरीव विचको खाल्डो पुर्ने अथक प्रयास गरेको छु । सुचना प्रविधिमैत्रि, शैक्षिक गुणस्तर सुधार, रोजगारी अवसरको सृजना हुने दिगो सन्तुलित एवम् समावेसी विकास अवधारणा अनुरुप वकास योजनाहरुलाई प्राथमिकतामा राखिएको छ । यसको लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सवै निर्वाचित जनप्रतिनिधिहरु, समस्त कर्मचारीहरु, बुद्धिजीवी, उद्योगी एवं आम गाउँ वासीहरुको सक्रिय सहयोगमा यस गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनबाट मात्र लक्ष्य हासिल हुने अपेक्षा लिएको छु ।

११) हाम्रो विकासका चाहनाहरुलाई मूर्त रुप दिन यस गाउँपालिकाले विश्वव्यापी रुपमा स्वीकार गरिएको दिगो विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ उन्मुख हुदै आगामी आ.व. को लागि राष्टिय विकास लक्ष्य र प्राथमिकताहरुलाई आत्मसाथ गर्ने छ । यसप्रकार आगामी आर्थिक वर्षका लागि स्वास्थ्य, शिक्षा, कृषि विकास,

खानेपानी, सडक पूर्वाधार, सिंचाई, लक्षित क्षेत्र विकास, सुशासन तथा संस्थागत सुदृढिकरण जस्ता क्षेत्रगत प्राथमिकताहरु रहने तथ्य उल्लेख गरेको छु ।

**गाउँसभाका सदस्यज्यूहरु**

१२) अब म पर्सा गाउँपालिकाले आ.व. २०७८/०७९ को निति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सुची,
- संघिय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघिय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको योजनाले तय गरेको प्राथमिकताहरु
- नेपालले अन्तर्राष्टिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय सरकारले संचालन ऐन तथा अन्य कानुनी प्रावधानहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकास समसामयिक मुद्धाहरु : कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार, समाजिक संरक्षण दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गीक सशक्तिकरण तथा समावेसी विकसहरु,
- पर्सा गाउँलिकाले आवश्यक ठानेका विषयहरु

**गाउँसभाका सदस्यज्यूहरु**

आगामी आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यक्मह‌रु निम्नानुसार रहेको तथ्यलाई विस्तारमा प्रस्तुत गर्न चाहान्छु ।

**आधारभुत स्वास्थ्य**

१३ निशुल्क आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन स्वास्थ्य संस्थामा जनशक्ति उपकरण तथा औषधीको उपलब्धता सुनिश्चितको साथै रेकर्डीङ्ग र रिपोर्टीङ्ग आदीको लागी सबै स्वास्थ्य चौकीहरुलाई सुचना प्रविधि संग अवद्धता गरिनेछ ।

१४ गाउँपालिका स्तरमा अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरि नेपाल सरकार मार्फत भवन तथा पूर्वाधार निर्माण कार्य अगाडी बढाइनेछ।

१५ आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बन्चित, सिमान्कृत तथा दुर्गम समुदायलाई लक्षित गरी एकिकृत ५० बर्ष माथिकालाई लक्षित गरी आखा र मुख सम्बन्धी स्वास्थ्य शिविर संचालन गरिनेछ।

१६ अध्यक्षसँग जेस्ठ नागरिक स्वास्थ्य कार्यकमलाइ प्रभावकारी बनाउन जेस्ठ नागरिकहरुलाइ प्रत्येक महिनामा एक पटक घरमै गएर निशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ।

१७ उपाध्यक्ष सँग दलित महिला कार्यक्रम अन्त्रगत महिनावारी उमेर समुहका दलित महिलालाइ निशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१८ नेपाल सरकारद्धारा निशुल्क रुपमा वितरण गर्ने औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ

१९ यस गाँपालिकाको नारायणपुर स्वास्थ्य चौकीमा थप जनसक्ति MBBS डाक्टर सहित आवश्यक जनशक्ति पुर्ति गरि चौबिसै घण्टा आकष्मिक स्वास्थ्य सेवा संचालन गरि आकाष्मिक बिरामीहरुको उपचारको सुनिश्चिता गरिनेछ।

२० गाउँपालकिाले आगामी आव मा ल्याब सेवा र एक्सरे सेवा सन्चालनमा ल्याइनेछ।

२१ सुरक्षित आमा, स्वस्थ बालबालिका भन्ने कार्यक्रम तय गरी गर्भवती तथा सुत्केरी महिलालाई पोषण युक्त खाना उपलब्ध गराइनेछ भने महिला स्वयम सेविकाहरुलाई उनीहरुको क्षमता विकास, समाजमा पुऱ्याएको अमूल्य योगदानका निम्ति प्रोत्साहन गर्न बडा स्तरबाट सहयोगको_व्यवस्था गरिनेछ।

२२ गाउँघर क्लिनिक सञ्चालन गरी घरघरमै स्वास्थ्य सेवा पुऱ्याइने छ र नवजात शिशुका लागि न्यानो झोलाको व्यवस्था गरिने छ।

२३ बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक ब्यबहार परिबर्तन प्रबर्द्धन अभियान सञ्चालन गरिनेछ। बर्थिङ्ग सेन्टरलाई चालु तथा विस्तार गरीनेछ।

२४ बहुक्षेत्रिय पोषण योजनालाई कार्यान्वयन गरी निरन्तरता दिईनेछ।

२५ ६० वर्ष नाघेका स्वास्थ्य सवयम्सेविकाहरुलाई समान सतिह विदाई गरी रिक्त स्थानमा नयाँ नियुक्ति गरिनेछ।

**आयूर्वेदः**

२६ आयुर्वेद चिकित्सा पद्धतिलाई प्रमुख चिकित्सा पद्धतिको रुपमा विकास गरी प्रत्येक घर घर सम्म पुर्याउने छ।

२७ पालिका भीत्र रहेका आयुर्वेद औषधालयको आफ्नै सुविधा सम्पन्न योगाहल सहितको भवन निर्माण गरिने छ साथै स्तरोन्नति गरी पुर्वकर्म/पंचकर्म को सम्पुर्ण सेवा लगायतका विभिन्न सेवाहरु संचालन गर्नेछ।

२८ प्रत्येक वाडामा क्रमशः नागरिक आरोग्य केन्द्र स्थापना गरी संचालन गर्ने निती लिईनेछ।

२९ स्वस्थ्य समाज निर्माणका लागी स्वस्थ्य जीवनशैली कार्यक्रम संचालन गरिनेछ।

३० एक घर पाँच योग पाँच जडिबुटि कार्यक्रम लाई अभियानको रुपमा संचालन गरी प्रत्येक घर सम्म पुर्याईनेछ।

३१ समाजमा बढी रहेको लागु पदार्थ दुर्वयसनको न्युनिकरणको लागी आयुर्वेदिय जीवन शैली यापन गर्न सिकाई नशा मुक्त समाज निर्माण अभियानको रुपमा संचालन गरिनेछ।

३२ पालिका भित्र पाईने विभिन्न प्रकारका स्थानिय जडिबुटीको पहिचान सहितको तथयाङ्क संकलन गरी अभिलेखिकरण गरिनेछ।

३३ महत्वपुर्ण जडिबुटीहरुको खेति गर्न तथा बजार व्यवस्थापनको लागी कृषकहरुको संलग्न्तामा बिशेष कार्यक्रम संचालन गरिनेछ तथा कृषकहरुको सहियोगमा साना जडिबुटी उद्योग संचालनमा ल्याउने निति लिईनेछ एवं अनुदानमा आधारित जडिबुटी खेति सम्बन्धि कार्यक्रम ल्याईनेछ।

३४ पालिका भित्रका विद्यालयहरुमा जडिबुटी बगैचा निर्माण गरिनेछ साथै आयुर्वेद तथा योग सम्वन्धि कार्यक्रम नियमित संचालन गरिनेछ।

**शिक्षाः**

३५ गाउँपालिका भित्रका सबै विद्यालयहरुमा पुर्व प्राथमिक तथा प्रारम्भिक बालविकासको गुणस्तरीय पहुँच अभिवृद्धि गरिने छ।

३६ दरवन्दी नभएका तथा न्यून वा कम दरबन्दी भएका विद्यालयलाई स्वयंसेवक शिक्षक व्यवस्थापन अनुदान कार्यकम सन्चालन गरिनेछ र कम्तिमा पनि एउटा विद्यालयमा नमुनाको रुपमा अंग्रेजी माध्यायमबाट पठनपाठनको सुरुवात गरिनेछ।

३७ गाउपालिका स्तरीय अध्यक्ष कप हाजिरी जवाफ, खेलकुद कार्यक्रम तथा अतिरिक्त कियाकलाप कार्यकम सञ्चालन गरिनेछ।

३८ विद्यालय शिक्षामा सुचना प्रविधिको विकास एवम् विस्तार गरी गुणस्तर सुधारमा जोड दिइने छ।

३९ भिन्न क्षमता भएका बालबालिकाहरुको शिक्षाको सुनिश्चिताको लागी क्रमशः अवसरहरुको विस्तार गरिनेछ।

४० उत्कृष्ठ विद्यालय र पालिका भित्रका विद्यालयमा अध्ययनरत विधार्थीमध्येबाट सर्वोकृष्ट नतिजा हाँसिल गर्ने विद्यालय र विद्यार्थीहरुलाई समान स्वरुप पुरस्कार दिईनेछ ।

४१ नयाँ शैक्षिक सत्र २०८० मा विद्यार्थि भर्ना अभियान कार्यकम सञ्चालन गरिनेछ ।

४२ सबै विद्यालयहरुमा शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ ।

४३ माध्यामिक विद्यालयहरुमा नमुना कक्प्यूटर ल्याब डिजिटल पठनपाठनको व्यवस्था गरिनेछ ।

४४ शिक्षा दिवशको अवसरमा उत्कृष्ठ शिक्षकलाई समान गरिने छ ।

४५ बालविकास केन्द्रमा अध्यापन गराउने शिक्षक र विद्यालय कर्मचारीलाई गाउँपालिकाबाट नेपाल सरकारले तोकिए बमोजिम **न्युनतम पारिश्रमिक** उपलब्ध गराईनेछ ।

४६ सबै विद्यालयहरुको आबश्यकता पहिचान गरी प्राथमिकताको आधारमा बिद्यालयमा भवन र शौचालय निर्माणलाई प्राथमिकता दिईनुका साथै बिद्यालयहरुको बिद्यमान शौचालयहरुलाई प्रयोग योग्य बनाईनेछ ।

४७ किशोरीहरुको विद्यालय छाड्ने दरलाई घटाउन र निश्चिन्त रुपमा विद्यालय पठनपाठनमा केन्द्रित गर्न उमेर समूहका सवैका लागि निशुल्क सेनेटरी प्याडको निरन्तता गरिनेछ ।

४८ विभिन्न तहका शिक्षकहरु र बालविकास सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमको पुनर्ताजगि र आवश्वयकता अनुसारको तालिम संचालन गरिनेछ ।

४९ बालिका तथा समावेशि शिक्षा गाउँपालिकाभरिमा संचालन गरिनेछ ।

**भौतिक पुर्वाधार र यातायत**

५० गाउँपालिका कार्यालय देखि सवै वडा कार्यालयहरुलाई पक्की सडकले जाडिनेछ ।

५१ गाउँपालिकाको सडक यातायात गुरुयोजना (Rural Municipal Transport Management Plan) तयार गरि कार्यन्वयनमा ल्याइनेछ ।

५२ राष्ट्रिय भवनसंहिता पालना गर्ने गरि स्थानीय भवन मापदण्ड तयार गरि लागु गरिनेछ ।

५३ स्थानीय सडक, ग्रामिण सडक, कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन बृद्धि र बजारीकरणसंग जोडिनेछ ।

५४ गाउँपालिकाभित्रका विभिन्न सडकहरुमा पर्ने खोला खोल्सामा आगामी वर्ष कल्भर्ट निर्माण गरिनेछ ।

५५ गाउँपालिका केन्द्रबाट वडा केन्द्रहरुसम्म पुग्ने सडक आसपास वृक्षारोपण गरिनेछ ।

५६ करोड भन्दा साना आयोजनाहरुको निर्माणमा ठेक्का बन्दोवस्ती नगरी उपभोक्ता समिति मार्फत गर्ने नीति लिइनेछ ।

५७ स्थानिय पूर्वाधार तथा कृषि सडक, स्थानियस्तरको यातायात नीति, योजना अनुमति, नियम र व्यवस्थानको कार्य गरिनेछ ।

५८ विकास निर्माणको कार्यलाई.तोकिएको समय र निर्धारित मापदण्ड तथा गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

५९ मर्मत गर्नु पर्ने आवश्यक रहेको यस पालिका अर्न्तगतका कुलो, बाँध, पैनी सम्बन्धी आवश्यकता अनुसारको मर्मत कार्य संचालन गर्न मर्मत कोषको व्यवस्था गरिनेछ ।

**उद्योग बाणिज्य तजा आपुर्तिः**

६० पालिका भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्यांङ्ग संकलन गरि उद्योगहरुको प्रबर्धन र विकासमा जोड दिईनेछ ।

६१ लघु, घरेलु तथा साना उद्योगको दर्ता, नविकरण, खारेजी, नियमन तथा प्रवर्द्धन गरिनेछ ।

६२ उपभोक्ताको हक सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु गरिनेछ ।

**उर्जा जलश्रोत तथा सिचाईः**

६३ नविकणीय उर्जालाई प्रोत्साहित गनिेछ, पोखरी संरक्षण तथा व्यवस्थापन तथा भुक्षय, वाढिबाट डुवान क्षेत्रको विशेष व्यवस्थापन गरिनेछ ।

६४ कुलो, बाँध निर्माण तथा मर्मत संभार गरिनुका साथै कृषि धिुतीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।

**खानेपानी तथा सरसफाइः**

६५ यस गाउपालीकामा लक्षीत जनसमुदायलाई खानेपानी सेवा पुऱ्याउने आयोजना हरु संचालन गरि खानेपानी वितरण गरी त्यसको अनुगमन गरिनेछ ।

६६ सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम तथा फोहरमैला व्यवस्थान गर्ने कार्यहरु गरिने छ ।

६७ फोहोरमैला व्यावस्थापन नीति तयार गरि लागु गरिनेछ ।

६८ सडने, गलने फोहलाई आफ्नै करेसावारिमा गाडि मलको रुपमा प्रयोग गर्ने र नसडने, नगल्ने फोहरलाई व्यवस्थापनको व्यवस्था मिलाईने छ ।

**बन बातावरण तथा भुसंरक्षण तथा विपत्त व्यवस्थापनः**

६९ सडक किनारामा भूक्षयलाई रोक्दै आर्थिक लाभ समेत लिन छिटो हुर्किने विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित क्षेत्रका स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

७० विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरि लागु गर्ने र आपतकालिन कार्यसन्चालन केन्द्रको सन्चालन गरिनेछ ।

७१ जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरि लागु गरिनेछ साथै GIS Based spatial योजना तयार गरि लागु गरिनेछ यसले गर्दा गाउँपालिकाको भु बनोट र जोखिमको स्थिति थाहा पाउन सकिनेछ।

७२ नदि किनार, नदि उकास, वाटोको दाँया, वाँया, खाली भएका सरकारी जग्गा जमिनहरुमा बाटोसँग साँध जोडिएका जग्गाधनि समेतको सहभागिताबाट लाभदायक बोटबिरुवा सहित वृक्षरोपण सञ्चालन र संरक्षण गर्ने पद्धति अवलम्वन गरिनेछ।

७३ यस गाउंपालिकालाई स्वच्छ सुन्दर र सरसफाइयुक्त वनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।

७४ स्थानीय स्तरमा जटीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण , उत्पादन, संकलन, प्रवर्द्धन, प्रसोधन र बजार व्यवस्थापनको काम गरिने छ।

७५ स्थानीय स्तरको जलवायु परिवर्तन जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु गरिनेछ।

७६ विपद् व्यवस्थापनको लागि गाउपालिका स्तरीय एक छुट्टै कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ।

७७ सम्भाव्य प्राकृतिक प्रकोप भुकम्प, आगलागि, बाढि तथा नदी कटान, शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरि जनधनको नोक्सानी हुन नदिन अन्यसरोकारवालाहरुसंग समन्वय गरि विपद पूर्व तयारी तथा प्रतिकार्य योजना संचालन गरिनेछ।

**आर्थिक विकास**

७८ बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगारमुलक तालिम र सिपको परिक्षण गरि श्रम बजारमा पठाइने छ।

७९ सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण।

८० आय-आर्जनका निमित्त व्यवसाय कर, बहाल कर एवंविज्ञापन करलाई आउट सोर्सिङको माध्यमबाट आम्दानीमा वृद्धि गर्दै लगिनेछ।

८१ कर, शुल्क र दस्तुरको नयाँक्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो बनाउँदैलगिने छ।

८२ युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सुसंस्कृत एवं क्षमतावान बनाईविकास निर्माणमा सहभागी गराईनेछ र खेर गईरहेको युवा शक्तिलाईगाउँ विकासको मूल धारमा ल्याउन आवश्यक रणनीति तय गरिने

**<u>कृषि तथा पशु विकासः</u>**

८३ परम्परागतबाट आधुनिक, निर्वाहमुखीबाट व्यवसायिक कृषि प्रणाली स्थपनाका लागी कृषिको उत्पादन, व्यवस्थापन एवम् बजारीकरण गरिनेछ। पालिका भित्रका मुख्य क्षेत्रहरुलाई विशेष सम्भावना रहेका क्षेत्रको रुपमा पहिचान गरी केराखेती, आँप खेती, कागती खेती, बाख्रा पालन र बाह्रै महिना तरकारी खेती हुने

क्षेत्रको रुपमा विकास गरिनेछ । साथै धान खेती, गहुँ खेती, दलहन खेती र माछा पोखरी निर्माणको लागि जोड दिइनेछ । यस बाहेक कृषि वन, नर्सरी, पशुपालन, बेमौसमी तरकारी खेती आदिलाई समेत प्राथमिकतामा राखिनेछ । यस्तै किसानहरुमा कृषि शिक्षा प्रवर्द्धन गरी बंगुर, कुखुरा र हाँस पालन समेतलाई प्राथमिकता प्राप्त क्षेत्र भित्र राखिनेछ ।

८४ पशुपालन कृषकहरुलाई घाँसका विउ तथा डाले घाँसका बेर्नाहरु उपलब्ध गराई पशु आहार सेवा कार्यक्रम संचालन गरिनेछ ।

८५ पशुपंक्षिमा लाग्ने रोगहरुको निवारणको लागी पशु पंक्षि निशुल्क खोप सेवा संचालन गरिनेछ । त्यसका लागी सबै वडाहरुमा वर्षको २ पटक पशु पंक्षि स्वासथ्य शिविर संचालन गरिनेछ ।

८६ पशुपंक्षिपालक किसानहरुका लागी आवश्यकता अनुसार पशुपंक्षि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८७कृषकहरुलाई गुणस्तरीय सेवा दिन कृषि तथा पशु प्राविधिकहरुलाई निरन्तता दिई क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

८८ उन्नतजातको पशु र सुधारिएको गोठलाई प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

८९ कृषि तथा पशु प्राविधिकहरु वाह्रै महिना परिचालन गरिनेछ । आवश्यकता अनुरुप पशु चिकित्सकको व्यवस्था गरिनेछ ।

९० तरकारी, मसलाबाली, फलफूल, जडिबुटि तथा पोसिलो घाँसको विऊ एवं विरुवा सुलभ मूल्यमा वितरण गरिनेछ ।

९१ कृषिमा उत्पादन वृद्धि ,पशु नश्ल सुधार गर्दै सहकारीको माध्यमवाट कृषको आय आर्जनमा अभिवृद्धि गरिने ।

९२सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण गरिनेछ ।

९३ AI प्रविधि र प्राकृतिक गर्भाधान मार्फत नस्ल सुधार गरिने छ । पशुपन्छिको नश्ल सुधार, उत्पादकत्व बृद्धिको आधार भन्ने नाराका प्रभावकारिता कायमै रहेकोले पर्सा गाउँपालिका सबै वडाहरुमा पालिएका बाख्रा, भैंसी र गाईमा कृतिम गर्भाधान गरी दुध र मासु उत्पादनमा वृद्धि गरिने छ । पशु सुत्केरी पोषण भत्ता कायमै राखिनेछ ।

**<u>युवा तथा खेलकुदः</u>**

९४ गाउँपालिका भित्र क्रिकेट, भलिवल, फुटवल तथा अन्य समाग्री वितरण गरी खेलकुदको विकास जोड दिईनेछ ।

९५ युवा क्लवहरुलाई खेलकुद विकासका लागि तालिम तथा सामाग्रीको व्यवस्था गरिनुको साथै गाउँपालिकास्तरीय **<u>राष्ट्रपति रनिङ्ग शिल्ड</u>** प्रतियोगिता निरन्तता दिइनेछ ।

९६ स्थानीय स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गरिने छ।

९७ युवा पुस्ताको स्वास्थ्य तथा शारिरीक सुगठनको लागी जिम क्लबको स्थापना गरिनेछ।

**<u>सुशासन तथा संस्थागत विकासः</u>**

९८ संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारविच सह अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त अबलम्बन गरिनेछ।

९९गाउँ सरकारको नीति निर्देशनमा आधारित भई पञ्चबर्षिय आवधिक योजना यसै आ.व. ०७९/८० मा तर्जुमा भइसक्ने र त्यसैको मार्ग दर्शनमा समग्र गाउँ विकास योजनाहरुलाई कार्यान्वयन गर्ने संकल्प गर्दै आवधिक योजना तर्जुमा गर्नका लागि गाउँपालिकाको पाश्वचित्र आवश्यक पर्ने भएकोले पर्सा गाउँपालिकाको Digigal Profile आ.व. ०७९/८० को सुरुवात बाटै बनाउन थालिनेछ।

१०० गाउँपालिका र मातहतका कार्यलयहरुमा सुशासन र पारदर्शिता प्रर्वधन मार्फत लोकतन्त्रलाइ बलियो बनाउन CCTV Camera जडान कार्यलाइ प्राथामिकता दिइनेछ।

१०१ सार्बजनिक खर्चमा मितब्ययिता अपनाई आयोजना छनौट र बजेट बिनियोजनलाई यथार्थपरक बनाईनेछ। गाउँपालिका र मातहत कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी योजना तयार गरि लागु गरिनेछ।

१०२ आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल, तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिनेछ। आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ। राजश्व संकलन, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न आ.व.को शुरु महिना श्रावणमा नै कार्ययोजना बनाई जिम्मेवारी सुनिश्चित गरी सबै आयोजना र कार्यक्रमहरु यथा समयमा सम्पन्न गरिने आधार तयार गरिने छ।

१०३ सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई निरन्तरता दिई सार्वजनिक उत्तरदायित्व र पारदर्शिता प्रवर्द्धन गरिनेछ। पारदर्शिता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सम्पूर्ण सूचनाहरुलाई विभिन्न संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

१०४ गाउँपालिकाको संचित कोषबाट खर्चहुने जुनसुकै रकम भुक्तानीको लागि बैंकखाता मार्फत भुक्तानी हुने व्यवस्था गरिनेछ। सबै नागरिकलाई बैंकिङ्ग पहुँच बिस्तारका लागि बैंकहरुसँग सहकार्य गरिनेछ।

१०५ स्थानीय सुशास र सेवा प्रवाहलाई चुस्त, दुरुस्त वनाइने तथा प्रशासनलाई पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमूलक वनाई जनतामाझ सेवा प्रवाह प्रभावकारी रुपमा वितरण गरिनेछ।

१०६ विश्वसनीय र गुणस्तरयुक्त लेखा परिक्षणको माध्यमबाट वित्तीय सुशासन कायम गर्नआन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१०७ न्यायिक समितिको कार्य सम्पादनलाई थप सुदृढीकरण गरिनेछ ।

१०८ प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्था कायम गर्न वार्षिक कार्य योजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०९ सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाई सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ ।

११० पंजिकरण व्यवस्थापनलाई सुदिृढिकरण गर्दै लगिनेछ ।

१११ लैङ्गीकमैत्री, बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ ।

११२ गाउँपालिका भित्र रिक्त रहेका प्राविधिक कर्मचारीको पदपुर्तिका लागि करार प्रणालीको अवलम्बन गरिनेछ, सो कार्यलाई व्यवस्थित गर्न एक कार्यविधि निर्माण गरिनेछ ।

११३ गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तरीाष्ट्र्य गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।

११४ NGO/INGO बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाउँपालिका को वार्षिक वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ ।

११५ सुचना प्रविधि प्रणालिलाई सुदिृढिकरण गरी निरन्तरता दिईनेछ साथै Digital नागरिक वडापत्र लागु गरिनेछ ।

११६ गरिबि निवारणको लागी लघु उद्यम कार्यक्रम संचालन गर्न निरन्तरता दिईनेछ ।

**<u>सामाजिक सेवा तथा समावेशी प्रवर्द्धनः</u>**

११७ हरेक नागरीकको बैंक खातालाई अनिवार्य गरि वृद्धवृद्धा, एकल महिला, तथा अपाङ्ग नागरिकको सामाजिक सुरक्षा भत्ता बैंक मार्फत व्यक्तिको खातामा सिधै पठाउने व्यवस्था मिलाइनेछ ।

११८ जेष्ठ नागरीक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने बातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम तथा जीवन उपयोगी सिपहरु प्रदान गरिनेछ ।

११९ जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढिवादी अन्धविश्वासको अन्त्य गर्न **साँस्कृतिक सुधार कार्यक्रम** सञ्चालन गरिनेछ ।

१२० सामाजिक समावेशीकरण नीति तयार गरि कार्यन्वयन गरिनेछ ।

१२१ युवाहरुमा सीपमुलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याउनेछ ।

१२२ महिला हिंसा तथा बालबालिकाहरुको अनत्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२३ बालश्रम मुक्त यस गाउँपालिकालाई बालमैत्री गाउँको रुपमा विकास गर्न पहल गरिनेछ ।

१२४ बालमैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्दै बालबालिकाहरुको विकासका लागी बाल विवाह, दहेज/दाइजो प्रथा उन्मुलन गरी समाजिक विकृति न्युनीकरण गरिनेछ ।

**<u>महिला तथा वालबालिका इकाइः</u>**

१२५ महिला कार्यक्रम सहित लक्षित वर्गलाई केन्द्रित गरी क्षमता अभिवृद्धि, पैरवि एबं जनचेतना अभिबृद्धिका बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१२६ महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, द्धन्द्ध पीडित, एकल महिला, बालबालिका र आर्थिक विपन्न तथा सामाजिक वञ्चितीकरणमा परेका विभिन्न वर्गका नागरिकको उत्थानका लागि लक्षित कार्यक्रमहरु र तालिम कार्यक्रम निरन्तरता दिइनेछ ।

१२७ स्थानियस्तरमा महिला विकास कार्यक्रम संचालन गरिनेछ ।

१२८ महिला सचेतना तथा विकास सम्वन्धि तालिम तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।

**<u>कानुन तथा न्याय सम्पादनः</u>**

१२९ गाउँपालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने ब्यवस्था मिलाइनेछ । यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गरिनेछ ।

**पञ्जिकरण तथा समाजिक सुरक्षा शाखा**

१३० व्यक्तिगत घटना दर्तामा पहुंच पुऱ्याउनको लागी प्रत्येक वडमा गई व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखिकरण गरिनेछ ।

१३१ प्रत्येक महिनामा एक पटक सबै वडा सचिवहरुलाई भेला गरि व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा कार्य सम्बन्धी छलफल तथा समिक्षा गरिनेछ ।

१३२ समाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाउन गाउँपालिका द्धारा बैंकमा हेल्प डेस्कको व्यवस्था गरिनेछ ।

१३३ व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन समाजिक संजाल तथा अन्य संचार माध्यम द्धारा सन्देश मुलक कार्यक्रम सम्प्रेशन गर्नेछ ।

१३४ जेष्ठ नागरिक, अपाङ्ग तथा हिडडुल गर्न नसक्ने लाभग्राहीहरुलाई घरमै गएर समाजिक सुरक्षा खाता खोल्ने व्यवस्था मिलाउनेछ ।

१३५ व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीहरुको दर्ता तथा अध्यावधिकको लागी दर्ता शिविर संचालन गरिनेछ ।

१३६ फिल्ड सहायक तथा समाजिक परिचालक द्धारा घरदैलो भ्रमण गरिनेछ ।

**सरकारी, गैह्र सरकारी संस्था संग समन्वयः**

१३७ यस गाउंपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रमहरुमा सरकारी/गैह्र सरकारी संघ संस्थाहरुसंग लाभान्वित समूहको हितलाई मध्यनजर राखी समन्वय गरिनेछ ।

**अन्तमा,**

१३८ पर्सा गाउँपालिकाको समृद्धिको अभियानमा आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गरि सभ्य र समृद्ध पर्सा गाउँपालिका निर्माण गर्ने अठोटका साथ आ.व.२०७९८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । प्रतिनिधि सभा र प्रदेश सभाका माननीय सांसद ज्यूहरु, गाउँपालिकाका जनप्रतिनिधि, राजनितिक दलहरु, राष्ट्रसेबक कर्मचारीहरु, किसान, श्रमिक, मजदुर वर्ग, बुद्धिजिवी, नागरिक समाज, आम संचार माध्यम, निजी तथा सहकारी क्षेत्र, विभिन्न संघ संस्थाहरु लगाएत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाइहरुलाइ यस नीति तथा कार्यक्रमलाइ कार्यरुप दिन आवह्नन गर्दै सो का लागि आवश्यक सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

१३९ यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट कोभिड १९ महामारीले पर्सा बासीको जनजीवनमा परेको नकारात्मक असर न्यून भइ आर्थिक तथा सामाजिक विकासका क्षेत्रहरुले गति लिनेछन र पर्सा बासीका आकाङ्क्षाहरु पूरा गर्न यसको कार्यान्वयनले महत्वपुर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

**धन्यवाद ।**